# आर्थिक संस्कार

AARTHIK SANSKAR

राष्ट्रिय साप्ताहिक

वर्ष १४ अङ्क २४२ फागुन १९, २०८१, सोमबार .ने स ११४५ पृष्ठ ८ आर्थिक संस्कार 3 March, 2025, Wednesday Price Rs 5/- www.aarthiksanskar.com


## काठमाडौं महानगरले छानबिन प्रतिवेदन सार्वजनिक गरेपछि प्रमुख प्रशासकीय अधिकृत पठाउँछौं: मन्त्री गुप्ता



■ आर्थिक संस्कार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले काठमाडौं महानगरपालिकाले छानबिन प्रतिवेदन सार्वजनिक गरेपछि प्रमुख प्रशासकीय अधिकृत पठाइने बताएका छन्।

काठमाडौं महानगरले प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंमाथि छानबिन गर्न पूर्वसचिव शंकरप्रसाद पाण्डे नेतृत्वमा समिति गठन गरे पनि प्रतिवेदन सार्वजनिक गरेको छैन। मन्त्री गुप्ताका अनुसार महानगरले आजभोलिमै उक्त प्रतिवेदन सार्वजनिक गरेपछि मात्रै प्रमुख प्रशासकीय अधिकृत पठाउने निर्णय हुनेछ।

'मन्त्रालयको अप्ठेरो के छ भने त्यहाँ मन्त्रालयले नै खटाएको एक जना प्रमुख प्रशासकीय अधिकृत हुँदै हुनुहुन्छ, उहाँलाई नझिकी अर्को पठाउन मिल्दैन, महानगरले आजभोलिमा छानबिन प्रतिवेदन पनि सार्वजनिक गर्ला, त्यसपछि बिहीबारको मन्त्रिपरिषदमा लगेर निर्णय गराउँछौं,' मन्त्री गुप्ताले सेतोपाटीसँग भने।

उनले सोमबार आफू गृहजिल्ला रहेको र मंगलबार मन्त्रालय पुगेर यसबारे बैठक गरी निर्णय गर्ने पनि बताए।

उनले काठमाडौं महानगरमात्र नभई वीरगञ्ज र विराटनगर महानगरमा पनि प्रमुख प्रशासकीय अधिकृत रिक्त रहेको बताए। रिक्त स्थानमा खटाउन थप ३८ जना सहसचिव आवश्यक रहेको पनि उनले बताए।

'यसअघि पनि केही ठाउँमा सहसचिवहरू खटाउने निर्णय गरिसकिएको छ, अब काठमाडौंलगायत ठाउँमा पनि खटाउँछौं,' उनले भने।

काठमाडौं महानगरका मेयर बालेन शाहले पुरानो बसपार्कस्थित काठमाडौं टावरको प्रक्रिया पूरा नगरी भवन निर्माणको नक्सा स्वीकृति गरेको भन्दै प्रमुख प्रशासकीय अधिकृत गुरागाईंमाथि छानबिनका लागि समिति बनाएका थिए। उक्त समिति गठनपछि गुरागाईंले काठमाडौं महानगरपालिकाबाट बिदा लिएपछि महानगर प्रमुख प्रशासकीय अधिकृतविहीन बनेको थियो। यसैबीच, अन्य महानगरहरूमा पनि प्रमुख प्रशासकीय अधिकृतको पद रिक्त रहनुका कारण स्थानीय प्रशासनिक काम प्रभावित भएको बताइएको छ। प्रशासनिक पदाधिकारीको अभावले बजेट कार्यान्वयन, नगर विकास योजना, तथा अन्य नीतिगत निर्णयहरू ढिलाइ हुने अवस्था सिर्जना भएको छ।

## चिनियाँ व्यापारीले महँगोमा किन्ने हल्लापछि बुढीगण्डकी बगरमा पतेरो खोज्नेको भिड (भिडिओ)





■ आर्थिक संस्कार

गोरखाको बूढीगण्डकी बगरमा पतेरो खोज्दै टिप्नेहरूको भिड लागेको छ।

धार्चे गाउँपालिकामा पर्ने माछीखोला र चुमनुब्री गाउँपालिकामा पर्ने जगतलगायत बुढीगण्डकी नदी किनारका बगरमा रहेका पतेरो स्थानीय बासिन्दाले टिपेर लगेका हुन्।

'तीन-चार दिनअघिसम्म त बगरमा पतेरो खोज्ने र टिप्नेको भिड नै थियो, अहिले पतेरो पनि भनेजति पाइन छाड्यो होला, बगरमा मानिसहरू कम देखिएका छन्,' सोमबार बिहान सेतोपाटीसँग कुराकानी गर्दै चुमनुब्री गाउँपालिका वडा नम्बर ३ सिर्दिवासका अध्यक्ष रामकुमार गुरूङले भने।

पतेरो महँगोमा बिक्री हुन्छ, स्थानीय व्यापारीमार्फत् चिनियाँ व्यापारीले किन्छन् भन्ने हल्ला चलेपछि स्थानीय बासिन्दा घर नजिककै बुढीगण्डकी बगरमा पतेरो टिप्न पुगेका थिए। पतेरो प्राय बोटविरूवामा बस्ने गर्छ। यो एकप्रकारको किरा हो।

तर वडाध्यक्ष गुरूङले भने स्थानीय बासिन्दाहरूले पतेरो किन टिपेका हुन्, बिक्री गर्ने भए कहाँ लगेर बिक्री गर्छन् जस्ता केही पनि विषयमा वडालाई जानकारी नभएको बताए। 'प्रतिकेजी ८०० रुपैयाँमा बिक्री हुन्छ भन्ने हल्ला रहेछ,' उनले भने, 'स्थानीयले बगरबाट संकलन गरेको पतेरो बिक्री गरे कि गरेनन् हामीलाई थाहा छैन।'

वडाध्यक्ष गुरूङका अनुसार माछीखोलालगायत क्षेत्रमा पतेरो टिप्ने काम पहिले भएको थियो। 'तल माछीखोलातिर पनि पतेरो टिपेका रहेछन्, सर्दै सर्दै मानिसहरू माथितिर आएका हुन्,' उनले भने, 'पहिले यसरी पतेरो टिपेको मलाई थाहा थिएन।'

यतिसिर्दिवासस्थित फिलिमका सुजन गुरूङले स्थानीय बासिन्दाले पतेरो खोज्न बुढीगण्डकी बगरमा डुलिरहेको भिडिओ सामाजिक सञ्जाल फेसबुकमा राखेका छन्। उक्त भिडिओमा पतेरो खोजीका लागि बाक्लो संख्यामा मानिसहरू बगरमा पुगेको देखिन्छ। बुढीगण्डकी बगरका ढुंगामुनि रहेका पतेरो स्थानीयले टिपेका हुन्। यस्तो पतेरो पहिले बगरका यी ढुंगामुनि थिए वा थिएनन् यकिन छैन। तर गत बिहीबारदेखि पतेरो टिप्नेहरूको भिड बगरमा देखिएको थियो। 'धेरै पतेरोचाहिँ पहिलो पटक बगरमा फेला परेकोजस्तो लाग्छ,' गुरूङले भने।

स्थानीयले पतेरो टिपेको क्षेत्र मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप) भित्र पर्छ। यसले वातावरणीय र पारिस्थितिकी सन्तुलनमा असर पुर्याउने डर उत्पन्न गरेको छ। बुढीगण्डकी बगरमा पतेरो खोज्ने र टिप्ने काम भइरहेकोबारे एमक्यापलाई पनि केही स्थानीयले जानकारी दिइसकेका छन्। वडा, एमक्याप र प्रहरीले पनि बुढीगण्डकी बगरबाट पतेरो संकलन नगर्न स्थानीय बासिन्दालाई आग्रह गर्दै आएका छन्।

## चक्रपथ विस्तारमा नेपाल पक्षले सुरू गर्‍यो काम (तस्बिरहरू)



■ आर्थिक संस्कार

चक्रपथ विस्तार आयोजनामा नेपाल पक्षले काम सुरू गरेको छ।

कलंकीदेखि चप्पल कारखाना क्षेत्रसम्मको विस्तार आयोजनामा नेपाल पक्षले गर्नुपर्ने काम सुरू भएको चक्रपथ सुधार आयोजनाका योजना प्रमुख कृष्णनाथ ओझाले जानकारी दिए।

चिनियाँहरूले ढिलाइ गरेपछि नेपाल पक्षले आफ्नो काम सुरू गरेको हो। ओझाका अनुसार नेपाल पक्षले गर्नुपर्ने सर्भिस ट्र्याकको काम सुरू भएको हो।

'सर्भिस ट्र्याक हामीले र बीचको चिनियाँ पक्षले बनाउने हो। हामीले गर्ने काम भइरहेको हो,' उनले भने। साथै सडक मर्मतको काम पनि चलिरहेको उनले बताए।

'साइट मर्मत पनि भइरहेका छन्। मुख्य मुख्य चोकहरूमा सडक बिग्रेको भत्केको अवस्था छ। त्यो मर्मत पनि भइरहेको छ,' उनले भने।चिनियाँ पक्ष डिजाइन गर्न कन्सल्ट्यान्ट सेलेक्सन प्रक्रियामा रहेको उनले बताए।चक्रपथ विस्तारमा ढिलाइ हुँदा त्यहाँका बासिन्दा, व्यवसायी र त्यो रूट भएर यात्रा गर्नेहरुले पनि सास्ती खेप्नु परेको छ।डक विस्तारका लागि विभिन्न तवरबाट ध्यानाकर्षण कार्यक्रमहरू सञ्चालन गरिए तापनि वास्तविक निर्माण कार्य भने अझै अघि बढ्न सकेको छैन।

सस्थानिय बासिन्दा, व्यवसायी तथा सरोकारवाला पक्षहरूले सडक विस्तार आवश्यक भए पनि त्यससँग सम्बन्धित मुआब्जा, पुनर्वास, र ऐतिहासिक सम्पदाको संरक्षणजस्ता विषयमा प्रस्ट नीति नबनेसम्म काम अघि बढ्न नसक्ने तर्क गरेका छन्।

विशेषगरी, विश्व सम्पदा सूचीमा सूचीकृत स्वयम्भू क्षेत्र र महाराजगन्ज क्षेत्रमा पर्ने मुआब्जाको विषयमा विवाद कायमै छ। स्वयम्भू क्षेत्रमा सडक विस्तार गर्दा ऐतिहासिक तथा धार्मिक सम्पदाहरूको संरक्षण कसरी गर्ने भन्ने विषयमा ठोस निर्णय भइसकेको छैन। त्यस्तै, महाराजगन्ज क्षेत्रमा भू–मालिक, स्थानीय बासिन्दा तथा सरकारी निकायबीच मुआब्जा निर्धारण, त्यसको वितरण प्रक्रिया र सम्भावित विस्थापनका विषयमा स्पष्ट सहमति नहुँदा काम अवरुद्ध भएको छ।

यही कारणले सडक विस्तार योजना लामो समयदेखि अन्योलमा परेको छ। स्थानीय तह, सम्बन्धित मन्त्रालय, र सरोकारवाला निकायहरूबीच संवाद बढाएर विवाद समाधान नगरेसम्म निर्माण कार्य अघि बढ्ने सम्भावना न्यून देखिन्छ।सडक विस्तारको आवश्यकता स्वीकार्दै पनि स्थानीय बासिन्दा, व्यवसायी तथा सरोकारवाला पक्षहरूले मुआब्जा, पुनर्वास, र ऐतिहासिक सम्पदाको संरक्षणबिना कार्य अघि बढाउन नहुने तर्क गरेका छन्। विशेषगरी, विश्व सम्पदा सूचीमा सूचीकृत स्वयम्भू क्षेत्र र महाराजगन्ज क्षेत्रमा पर्ने मुआब्जाको विषयमा विवाद कायमै छ।

## 'औंलाबाट रगत आउन्जेल गितार बजाएँ'



■ आर्थिक संस्कार

म मौनतामा अल्झिरहेको एउटा जीवन...

गायक ओमविक्रम विष्टले यो गीत गाइरहँदा उनको स्वर नै मौन भइदियो।

शनिबार दिउँसो परेको पानीले पोखरामा चिसो बढाएको थियो। फेवातालमा लहर बनाउँदै चलेका हावाले उनको स्वर नै सुकाइदियो। उनको स्वर सुकेर के भयो र, सयौं दर्शकले स्वतस्फुर्त उनलाई साथ दिए।

'पहिले स्वर ठीक थियो। गीत गाउँछु भनेरै पोखरा आएको थिएँ,' सांगीतिक साँझ सकिएपछि ओमविक्रमले भने, 'चिसो च्याप्पै समात्यो।'

यो गीतमा एल्बर्ट सुब्बाका शब्द र रोबर्ट सुब्बाको संगीत छ। यो तयार गर्ने क्रममा उनका साथीहरूले यो गीत उनकै लागि सुहाउने भनेका थिए।

अभ्यास गर्दै जाँदा गीतको दोस्रो हरफ 'कहाँ जाने, कसलाई सोध्ने, कसलाई खोज्ने' शब्दावली 'हाईरेन्ज' मा गाउने भनेर ओमविक्रमले नै भनेका थिए। त्यही हाईरेन्जमा गाउँदा शनिबार उनको स्वर सुक्यो।

ओमविक्रमले नेपालमा पप गीत गाउन थाल्दा नेपालमा यस प्रकारका गीतलाई पप गीत भन्ने चलन नै थिएन।
'

रेडियो नेपालले उनका गीत रेकर्ड गर्न मानेन। लोक गायक पाण्डव सुनुवारले उनका गीतलाई 'अत्याधुनिक गीत' नामकरण गरेका थिए।मेरा गीत युवाहरूमा लोकप्रिय थियो। बुढापाकाहरूले भने मन पराएनन्,' उनले भने, 'त्यति बेला मेरा गीत रेडियो नेपालले रेकर्ड गर्न मानेन। पाण्डव सुनुवारले मलाई तपाईंका गीतलाई अत्याधुनिक गीत भन्नुपर्छ भनेका थिए।'

पोखरामा भएको नेपाल लिटरेचर फेस्टिभलको पहिलो दिनको साँझ नै उनको सांगीतिक प्रस्तुति राखिएको थियो। प्राविधिक कारणले सम्भव भएन। दोस्रो दिन उनले गीत गाए। तीन दशकअघिका ती गीत नयाँ–पुराना सबै पुस्ताले मनपराए।

कुनै समय पप गीतमा एकछत्र बनेका ओमविक्रम बीचमा बिरामी परे। उनको मिर्गौलामा समस्या आएको थियो। अमेरिका गएर शल्यक्रिया गराए। करिब दस वर्ष उतै बसे। यो अवधिमा उनी ओझेल परे।

त्यसपछि नेपाल फर्किएर संगीतमा 'कमब्याक' गरिरहेका छन्।

फर्केयता उनले १८ वटा गीत रेकर्ड गराइसके। यीमध्ये चार वटा सार्वजनिक भएका छन्। उनी कार्यक्रमहरूमा पनि देखिन थालेका छन्।
'

गायन यात्राको दोस्रो 'इनिङ' मा उनले पहिलेभन्दा फरक अनुभव गरेका छन्। म ६८ वर्ष भइसकेँ। गाइरहेको छु। सबै कुराहरू सधैं पहिले जस्तो हुँदैन,' उनले सेतोपाटीसँग भने।

पारखीहरूबाट 'पप सम्राट' उपाधि पाएका ओमविक्रमले शब्द र लयमा नेपालीपन भरेका छन्। उनले पप गीतका नेपाली संस्करण पस्केका थिए। अहिलेका पप गीत भने दुरूस्त पश्चिमा जस्तो देखिने बताउँछन्।

'पहिले र अहिलेका पप गीतमा आकाश पाताल फरक छ,' उनले भने, 'पहिला कसरी नेपालीपन दिने भनेर हामीले शब्द र लयमा ख्याल गर्थ्यौं। अहिले विदेशी गीत गाए जस्तो हुन्छन्।'

उनको समयमा संगीत क्षेत्रमा लाग्न अहिले जस्तो सजिलो थिएन। प्रविधि र स्रोता अहिलेझैं तयार थिएनन्। नयाँ धारको गीत रेकर्ड गर्नदेखि बजारमा चलाउनसम्म धौधौ थियो। पप गीत गाउँदा उनका बुबाले समेत 'कस्तो गीत गाएको' भनेर कराएका थिए। जसले जेसुकै भनून्, उनी संगीतबाट विमुख हुन सकेनन्।

लिटरेचर फेस्टिभलमा सांगीतिक प्रस्तुति दिनुअघि लेखक वसन्त थापाले गायक ओमविक्रमसँग वार्ता गरेका थिए।

त्यस क्रममा उनले आफू १० वर्षकै उमेरदेखि संगीतमा लागेको र ११ वर्षकै उमेरमा स्टेजमा गीत प्रस्तुत गरेको बताए। संगीतमा लाग्न बुबाले घरमा सजाउन ल्याएको गितार बजाउँदा औंलाबाट रगत बगेको उनले सम्झिए।

'बुबाले एउटा गितार ल्याउनुभएको थियो। म दस वर्षको थिएँ। त्यो गितार सकिनसकी, औंलाबाट रगत आउन्जेल बजाएँ,' उनले भने, 'त्यो गितार सजाउन ल्याइएको रहेछ।' उनका बुबा दौलतविक्रम विष्ट आख्यानकार हुन्। कथा, कविता र नाटकमा समेत कलम चलाएका दौलतविक्रमका उपन्यास 'चपाइएका अनुहार', 'भोक' र 'भित्ताहरू' प्रख्यात छन्।घरमा सजाउन ल्याएको गितार ओमविक्रमले बजाएको देखेपछि दौलतविक्रमले उनलाई बजाउने गितार नै किनिदिए।त्यसपछि उनले आफै गितारका कर्ड सिक्न थाले।

'मेरो रगरगमा संगीत थियो। मेरो रूचि देखेर बुबाले ४५ रूपैयाँमा गितार किनिदिनुभयो,' उनले भने, 'त्यति बेला थोरै मानिसले मात्र गितार बजाउँथे।

मैले आफै सिकेँ।'

त्यति बेला ओमविक्रम रोबर्ट शर्मा लगायत संगीतमा लागेका युवाहरूलाई पछ्याउँथे। उनीहरूले हातका औंलाहरू गितारमा चलाएको चलाखीपूर्वक हेर्थे। त्यसरी नै हेर्दै उनले सिकेका रहेछन्।

संगीतमा स्थापित रोबर्ट र उनको समूहले गीत बनाउने अभ्यास गरेको हेर्न जाँदा भएको एउटा पनि ओमविक्रमले सुनाए। उनीहरूले गायन अभ्यास गरेको दृश्य हेर्न ओमविक्रम झ्यालमा चढेका रथिए। एकदिन उनी झ्यालबाट खसे। भुइँमा बजारिएपछि रोबर्टको समूहले उनको शरीरमा पानी छर्किदिए।

'यो घटनापछि मलाई साह्रै माया गर्नुभयो। उहाँहरूले बजाउने ठाउँमा जान पाएँ,' ओमविक्रमले भने, 'त्यहाँ मैले बेस गितार र ड्रमहरू देखेँ। त्यसपछि म धेरै उत्साही भएँ। सुनको, हिराकै खानी पाए जस्तो भयो।'

पप संगीत मात्र होइन, ओमविक्रमले सूर्यराज शर्मासँग १७ वर्षको उमेरमा शास्त्रीय संगीत पनि सिके। तीन महिना शास्त्रीय संगीत सिक्दा आफ्नो स्वर अझै शक्तिशाली बनेको उनले बताए।

'शास्त्रीय संगीतले मेरो आवाजमा शक्ति दियो। त्यसले गर्दा म भर्सटायल गायक हुँ,' उनले भने।

लिटरेचर फेस्टिभलको स्टेजमा ओमविक्रम चढ्नुअघि गिटारिस्ट अनिल शाहीको समूहले सांगीतिक प्रस्तुति दिएको थियो। गितारमा अनिल, जिम्बे र ड्रममा अभिजित शाही, तबलामा दीलिप महर्जन र बाँसुरीमा विनय महर्जनको संगीतले लेकसाइड संगीतमय बनेको थियो। उनीहरूकै संगीतमा ओमविक्रम गुञ्जिएका थिए। उनका युगल गीतमा गायिका सलिना प्रधानले साथ दिएकी थिइन्। ओमविक्रमका गीत सुनेर हुर्किएका गिटारिस्ट अनिल अहिले आफ्ना 'आइडल' गायकसँग सहकार्य गर्न पाउँदा हर्षित छन्।

ओमविक्रमको स्वर पप गीतका लागि मात्र नभएर, नारायण गोपालको जस्तो आधुनिक गीतमा पनि उत्तिकै फिट हुने उनले बताए।

'पप गीत त गजबै भइहाल्यो, ओमविक्रम दाइले आधुनिक गीत पनि आफ्नै शैलीमा गाउनुहुन्छ,' उनले भने, 'उहाँको हाईरेन्जदेखि स्वरको मिठास एकदम राम्रो छ। लिजेन्डसँग सहकार्य गर्न पाउनु मेरो सौभाग्य हो।'

ओमविक्रम आफूले धेरै खाले गीत गाउने भए पनि आफ्नो बाटो पप गीतकै भएको बताउँछन्।

उनले गाउने बेलामा 'पप' भन्ने शब्द प्रचलनमै थिएन। अंग्रेजीको 'पपुलर' शब्दबाट 'पप' प्रचलनमा आएको लेखक वसन्त थापाले सुनाए। यसले लोकप्रिय गीत भन्ने अर्थ दिन्छ।नेपाली आकाशमा पप गीतका तरंग छाडेका ओमविक्रम आफूले कसैलाई अनुशरण नगरेको बताउँछन्।

ओमविक्रम परियार नेपाली संगीतमा मौलिकता बोकेका प्रतिभाशाली कलाकार हुन्, जसले गितारवादनमा नयाँ आयाम थपे। लेखक थापाले उनको विशिष्टता अरूको अनुकरण नगर्नु रहेको बताए, जुन कारणले उनले नेपाली संगीतमा आफ्नो अलग्गै पहिचान बनाउन सफल भए। नारायण गोपालसमेत ओमविक्रमको गितार कौशल देखेर प्रभावित थिए, जसका छ वटा गीतमा उनले गितार बजाएका थिए। 'नारायण दाइ मेरो गितार भनेपछि हुरूक्कै हुनुहुन्थ्यो,' उनले सम्झिए। शनिबारको सांगीतिक प्रस्तुति सकिएपछि दर्शकको अनुरोधमा उनले 'को हो त्यो, जसले मलाई मोहनी लगायो' गीत गाए, जसले उपस्थित दर्शकलाई पुराना दिनहरूको झल्को दिलायो। नीर शाहको शब्द तथा शम्भुजित बास्कोटाको संगीतमा सजिएको यो गीत फिल्म 'के घर के डेरा' मा समावेश छ। स्टेज कार्यक्रममा कम देखिए पनि उनका प्रशंसक, स्रोता तथा समर्थकहरूले दिने माया, सम्मान र प्रेरणाले उनलाई निरन्तर संगीतमा समर्पित गराइरहेको छ। उनले भने, 'प्रशंसकका माया र प्रेमका कुरा गर्न अहिले समय पुग्दैन, धेरै लामो कथा छ, कुनै दिन सुनाऔंला।' नेपाली संगीतमा अमूल्य योगदान दिएका ओमविक्रमको गितार बाजनले धेरै गीतलाई ऐतिहासिक बनाएको छ, जसले उनको संगीतलाई समयसँगै झन् अमर बनाउँदै लगेको छ। उनी केवल गितारवादक मात्र नभएर नेपाली संगीतको प्रवाहलाई सहज बनाउने एक महत्वपूर्ण व्यक्तित्व हुन्, जसले आफ्नो धुनमार्फत गीतलाई अझ जीवन्त बनाउने काम गरे। उनका धुनहरू सुन्दा नेपाली सुगम संगीतका स्वर्णिम दिनहरूको झल्को आउँछ। हाल स्टेज शोहरूमा कम देखिए पनि उनको संगीतप्रतिको समर्पण कहिल्यै कम भएको छैन, बरु समयसँगै उनले संगीतलाई अझ परिष्कृत गर्दै लगेका छन्। ओमविक्रमजस्ता कलाकारहरूकै कारण नेपाली संगीतले आफ्नो मौलिकता जोगाइराख्न सफल भएको छ। नेपाली सांगीतिक यात्रामा उनले खेलेको भूमिका अतुलनीय छ, जसले नयाँ पुस्ताका संगीतप्रेमीहरूलाई पनि प्रेरणा दिने काम गरिरहेको छ। उनले सिर्जना गरेका धुनहरूले पुराना तथा नयाँ पुस्ताका संगीतप्रेमीहरूलाई जोड्ने पुलको काम गरेको छ। गितारको तारमा जीवन भर्ने उनको शैलीले सुगम संगीतका धेरै गीतहरूलाई कालजयी बनाएको छ। समयसँगै नयाँ प्रविधि र शैली भित्रिए पनि ओमविक्रमको गितारको जादु अझै उस्तै छ, जसले नेपाली संगीतमा उनको स्थान सदैव अमर रहनेछ।

## आज भैरहवामा तापक्रम ३४ डिग्री सेल्सियस पुग्ने अनुमान





■ आर्थिक संस्कार

काठमाडौँ । प्रि-मनसुनका दिनहरू सुरू भएसँगै देशभरको तापक्रम बढ्न थालेको छ। जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाका अनुसार आज भैरहवाको अधिकतम तापक्रम ३४ डिग्री सेल्सियस पुग्ने अनुमान गरिएको छ। यस्तै, विराटनगर र जनकपुरको अधिकतम तापक्रम ३३ डिग्री सेल्सियससम्म पुग्नेछ भने काठमाडौँको तापक्रम २५ डिग्री सेल्सियस रहनेछ। देशभरकै न्यूनतम तापक्रम भने जुम्लामा माइनस २ डिग्री सेल्सियस रहने महाशाखाले जनाएको छ।

अङ्ग्रेजी महिनाको मार्चदेखि मे महिनासम्म रहने प्रि-मनसुन मुख्यतः वर्षायाम सुरू हुनुभन्दा अघिको समय हो। यस अवधिमा देशभर तापक्रम क्रमशः बढ्दै जानुका साथै हावाहुरी चल्ने, मेघ गर्जन हुने, चट्याङसहित हल्का वा मध्यम वर्षा हुने मौसमविद्हरू बताउँछन्। वरिष्ठ मौसमविद् प्रतिभा मानन्धरका अनुसार प्रि-मनसुनको समयमा पश्चिमी वायु र स्थानीय प्रभावका कारण अस्थिर मौसम रहने सम्भावना रहन्छ। मौसमविद्हरूले तापक्रम वृद्धिसँगै विशेष गरी तराई क्षेत्रमा गर्मीका कारण हुने स्वास्थ्य प्रभावबाट बच्न सावधानी अपनाउन सुझाव दिएका छन्। साथै, चट्याङ र असिना वर्षाको सम्भावना रहने भएकाले सतर्कता अपनाउन समेत आग्रह गरिएको छ।

# बजारमा महँगो भएपछि उपभोक्तालाई खाद्य कम्पनीले दियो चिनीमा अनुदान




■ आर्थिक संस्कार

जुम्ला — जिल्ला सदरमुकाम खलंगामा महँगीबाट उपभोक्तालाई राहत दिलाउन खाद्य, व्यवस्था तथा कम्पनी लिमिटेड जुम्ला शाखाले चिनीमा अनुदान दिन थालेको छ ।

बजारमा पाइने मूल्यभन्दा प्रतिकिलोमा १० रुपैयाँ कममा कम्पनीले चिनि बिक्री गर्न थालेको हो । अहिले चिनीको बजार मूल्य ११० रुपैयाँ प्रतिकिलो छ । एक किलोमै १० रुपैयाँ सस्तो पाएपछि उपभोक्ताहरु चिनी लिनका लागि कम्पनीमा भीड लाग्न थालेको कम्पनीका प्रमुख मनोज जोशीले बताए ।अनुदानमा चामल बेच्दै आएको कम्पनीले अहिले उपभोक्ताको माग अनुसार चिनी पनि बेच्न थालेको उनका भनाइ छ। सार्वजनिक बिदाबाहेक हरेक दिन कम्पनीले चिनी बेचिरहेको छ।

एकपटकमा कम्पनीले एक जना उपभोक्ताका लागि पाँच किलो चिनी उपलब्ध गराउँछ। यस कदमले उपभोक्ताहरूलाई सुविधाजनक र आवश्यक चिनीको आपूर्ति उपलब्ध गराएको छ, विशेष गरी चिनीको मूल्य बढ्न थालेपछि।

तर, सदरमुकाम क्षेत्रका नागरिकले चिनीमा अनुदान पाए पनि यता दुर्गम क्षेत्रका नागरिकका लागि भने महँगो नै परिरहेको छ। दुर्गम क्षेत्रहरूमा चिनीको पहुँच सीमित र मूल्य उच्च रहन्छ, जसका कारण स्थानीय बासिन्दाले अनुदानको फाइदा लिन सक्दैनन्। सोही कारण कम्पनीले स्थानीय पालिकामा चिनी पुर्‍याएर दुर्गम क्षेत्रमा पनि यो सुविधा दिन माग गरेका छन्।

यसका लागि सरकार र स्थानीय निकायको सहकार्य महत्त्वपूर्ण हुनेछ, ताकि दुर्गम क्षेत्रका नागरिकलाई सस्तो र अनुदानमा चिनीको सुविधा उपलब्ध गराउन सकियोस्।

# सेयर बजारमा एक घण्टामै चार अर्ब ५३ करोडको कारोबार



■ आर्थिक संस्कार

सेयर बजारमा सुधार देखिन थालेसँगै लगानीकर्ताको आकर्षण उच्चले बढेको छ। सोमबार १२ बजेसम्म एक घण्टामा सेयर कारोबार रकम चार अर्ब ५३ करोड रूपैयाँ पुगेको हो।

आइतबार कारोबार सुरू हुँदा नै नेप्से परिसूचक २९ सयबाट भएको थियो। आइतबार नेप्से २८९० हुँदा बजार बन्द भएको थियो।एक घण्टामा सेयर बजार परिसूचक पनि ११ अंकले बढेर २९०१ मा आइपुगेको छ। आइतबार बजार पुँजीकरणको आधारमा ऐतिहासिक रेकर्ड नै बनेको थियो। यो भनेको आइतबार बजारमा रहेका सेयर कुल मूल्य हो।यो वृद्धि मुख्यत: मुख्य आर्थिक क्षेत्रहरूको सुधार र ठूला कम्पनीहरूको सेयरमा भएको बढोत्तरीसँग सम्बन्धित हो।

यसलाई लगानीकर्ताको सम्पत्ति भनेर बुझिन्छ। कुल बजार पुँजीकरण ४७ खर्ब ९९ अर्ब रूपैयाँ पुगेको थियो। आइतबार नेप्से र कारोबार रकम पनि ६ महिनाअघिको उच्च भएको थियो। यो वृद्धि लगानीकर्ताहरूका लागि सकारात्मक संकेत हो, जसले भविष्यमा अझ राम्रो मुनाफा प्राप्त गर्ने आशा व्यक्त गर्न सक्छ।

नेप्से को इन्डेक्स र कारोबार रकमको वृद्धिले शेयर बजारमा उत्साह र लगानीको रुझान बढेको देखाउँछ। गानीकर्ताहरूका लागि यो एक प्रकारको सन्देश हो कि बजार स्थिर र सशक्त स्थितिमा रहेको छ।

लअघिल्लो महिनासम्मको आर्थिक अवस्थाका बीचमा यस्तो वृद्धिले बजारमा नयाँ उचाइसम्म पुग्ने सम्भावना देखाउँछ। यसरी, आगामी दिनहरूमा लगानीको अवसरहरू थप प्रबल हुन सक्छन्, र नयाँ लगानीकर्ताहरू पनि बजारमा सामेल हुन सक्ने छन्।

बजारमा यस्तो उत्साहजनक वृद्धिले विभिन्न उद्योग र कम्पनीहरूको प्रदर्शनमा सुधार ल्याउनेछ, जसले लगानीकर्ताहरूको विश्वासलाई थप सुदृढ पार्नेछ। यसका साथै, बजारको स्थिरता र बढ्दो पुँजीकरणले दीर्घकालीन लगानीका लागि सकारात्मक संकेत प्रस्तुत गर्दछ। यसले न केवल लगानीकर्ताहरूको विश्वासलाई मजबुत पार्नेछ, अपितु आर्थिक वृद्धिका लागि सशक्त आधार पनि तयार गर्नेछ। आगामी समयको मूल्यांकन र लगानीका अवसरहरू बजारको समग्र स्वास्थ्यमा थप प्रभाव पार्नेछन्, र यसका साथमा नयाँ प्रवृत्तिहरू र अवसरहरू पनि देखा पर्नेछन्।

# सोमबार सुन–चाँदीको भाउ कति?



■ आर्थिक संस्कार

बजारमा सोमबार सुनचाँदीको भाउ स्थिर छ।
नेपाली सुनचाँदी व्यवसायीका अुनसार आइतबार छापावाल सुन प्रतितोला एक लाख ६८ हजार एक सय रूपैयाँमा कारोबार भइरहेकोमा सोमबार पनि सोही मूल्यमा कारोबार भइरहेको छ।
त्यस्तै, सोमबार चाँदीको मूल्य पनि स्थिर छ।
आइतबार प्रतितोला एक हजार नौ सय १५ रूपैयाँमा कारोबार भएको चाँदी सोमबार पनि सोही मूल्यमा किनबेच भइरहेको छ।
आज अन्तर्राष्ट्रिय बजारमा सुन प्रतिऔंस २८ सय ६३ अमेरिकी डलरमा कारोबार भइरहेको छ।

## हाम्रो टिम

प्रबन्ध निर्देशक: राजभाई श्रेष्ठ
मुख्य सम्पादक: शिव दाहाल
सम्पादक: राजेश महर्जन
वैदेशिक मामिला र राजनीति: चिरञ्जीवी ढुंगाना
कानुनी सल्लाहकार: वरिष्ठ अधिवक्ता ईश्वर राज ढकाल
विज्ञापन: पिंक रोज एडभर्टाइजिङ सर्भिस, महाराजगञ्ज, काठमाडौं
रिपोर्टर: यशोदा खनाल
रिपोर्टर: रश्मी श्रेष्ठ
लेखा: मुनिजमान श्रेष्ठ
डिजिटल: सुलभ भट्टराई
डिजिटल: सुजन पोखरेल
प्रकाशक: ओम अफसेट प्रिन्टिङ हाउस, बागबजार, काठमाडौं महानगरपालिका, महाराजगञ्ज, वडा नं. ३, काठमाडौं
फोन: ०१-४७२०५५६

# घट्न थाल्यो कुरिलोको मूल्य, कतिपर्छ किलोको?



■ आर्थिक संस्कार

बजारमा कुरिलोको मूल्य घटेको छ। कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिको तथ्यांकले यस्तो देखाएको हो। कालिमाटीको तथ्यांक अनुसार सोमबार कालिमाटी बजारमा कुरिलो प्रतिकिलो थोक मूल्य न्यूनतम नौ सय रूपैयाँदेखि अधिकतम १४ सय रूपैयाँमा कारोबार भइरहेको छ। आइतबारको तुलनामा यो न्यूनतम १२ सय रूपैयाँदेखि १६ सय रूपैयाँमा कारोबार भइरहेको थियो।

सुरूआति चरणमा कुरिलो थोक मूल्य न्यूनतम १२ सय रूपैयाँदेखि अधिकतम १८ सय रूपैयाँसम्ममा कारोबार भइरहेको थियो। दुई महिनादेखि थोरै मात्रामा बजारमा कुरिलो आइरहेको कालीमाटी बजारका व्यवसायी राज कुमार थापा क्षेत्रीले जानकारी दिए। उनका अनुसार बजारमा कुरिलोको भाउ घटबढ भइरहेको छ। 'बजारमा धेरै आयो भने सस्तो हुन्छ। थोरै आयो भने महँगो हुन्छ,' उनले भने।

व्यवसायी राज कुमारका अनुसार कुरिलोको गुणस्तरका आधारमा मूल्य निर्धारण गरिएको छ। अहिले कुरिलोको अफ सिजन हो। बर्खा लागेसँगै कुरिलो सस्तो हुन्छ। बर्खा मौसममा उत्पादनको आपूर्ति बढ्ने हुँदा कुरिलोको मूल्य पनि घट्न थालेको हो। यस समयमा, कृषकहरूले थप कुरिलो उत्पादन गर्न थाल्नेछन्, जसले बजारमा आपूर्ति बढाउने र मूल्यलाई सस्तो बनाउनेछ।

तर, यो परिवर्तन कृषकहरूको लागि चुनौतीपूर्ण हुन सक्छ, किनकि मूल्यको उतारचढावले उनीहरूको आम्दानीमा असर पुर्याउन सक्छ।

# चक्रपथ विस्तारमा नेपाल पक्षले सुरू गर्‍यो काम (तस्बिरहरू)



■ आर्थिक संस्कार

दुई महिनादेखि थोरै मात्रामा बजारमा कुरिलो आइरहेको कालीमाटी बजारका व्यवसायी राज कुमार थापा क्षेत्रीले जानकारी दिए। उनका अनुसार बजारमा कुरिलोको भाउ घटबढ भइरहेको छ। 'बजारमा धेरै आयो भने सस्तो हुन्छ। थोरै आयो भने महँगो हुन्छ,' उनले भने। व्यवसायी राज कुमारका अनुसार कुरिलोको गुणस्तरका आधारमा मूल्य निर्धारण गरिएको छ। अहिले कुरिलोको अफ सिजन हो, जसले गर्दा बजारमा आपूर्ति कम भइरहेको छ र यसले मूल्यमा प्रभाव पारिरहेको छ।बर्खा लागेसँगै कुरिलोको आपूर्ति बढ्ने र मूल्य सस्तो हुने अनुमान गरिएको छ।

त्यस समयमा खेतीका कुरिलोहरू बजारमा बढी आउनेछन्, जसले गर्दा मूल्य स्थिर हुनेछ। व्यवसायीहरूको भनाइमा, कुरिलोको सस्तो मूल्यले उपभोक्ताहरूलाई लाभ पुर्याउने भए पनि यो कृषि उत्पादकहरूको लागि चुनौतीपूर्ण सिजन पनि हो। यस समय खेती र सिजनको असरले बजारमा आपूर्ति र मूल्यमा अनिश्चितता देखा पर्ने गर्दछ।

कृषकहरूको लागि, यदि उत्पादन बढी हुन्छ भने बजारमा मूल्यमा गिरावट आउन सक्छ, जसले आर्थिक दबाब सिर्जना गर्न सक्छ। यद्यपि, सस्तो कुरिलोले उपभोक्ताको पहुँचमा रहने भएकाले उपभोक्ताहरूलाई राहत मिल्ने छ।

सस्तो मूल्यमा अधिक कुरिलो उपलब्ध हुँदा बजारमा माग पनि बढ्न सक्छ, जसले गर्दा उत्पादक र व्यापारीहरूलाई सोच्न पर्ने अवस्था उत्पन्न हुन्छ। यसले उत्पादनको उच्चतम स्तरमा पुर्याउँछ, र यदि आपूर्ति धेरै बढे भने मूल्यमा अझ कमी आउन सक्छ, जसले कृषकहरूको आम्दानीमा प्रतिकूल असर पुर्याउन सक्छ। यसैले, कृषि र बजारका सन्दर्भमा पर्याप्त योजना र समन्वय आवश्यक छ, ताकि उत्पादन र आपूर्ति दुबैको सन्तुलन कायम राख्न सकियोस्।

यसका लागि सरकारले कृषक र व्यापारीहरूलाई उपयुक्त मार्गदर्शन र सहयोग पुर्याउनुपर्ने हुन्छ।

# जसपा नेपालको दोस्रो दिनको बैठक सुरु



■ आर्थिक संस्कार

काठमाडौँ। जनता समाजवादी पार्टी नेपालको केन्द्रीय समितिको बैठक सुरु भएको छ। ललितपुरको बालकुमारीमा दोस्रो दिनको बैठक सुरु भएको हो। आइतबारदेखि सुरु भएको बैठकमा जनतासँग जसपा जागरण अभियानको समीक्षा चलिरहेको छ। अभियानमा खटेका केन्द्रीय सदस्यहरूले आआफ्नो रिपोर्टिङ गरिरहेका छन्।

आइतबार नै जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले राजनीतिक तथा सांगठनिक प्रतिवेदन पेस गरेका थिए। बैठकमा उनले पार्टीको समग्र रणनीति र संगठनको मजबूतीका लागि उठाएका कदमहरूको विश्लेषण प्रस्तुत गरेका थिए। यसबारे आफ्नो धारणा राखिसकेपछि अध्यक्ष यादवले प्रस्तुत गरेको राजनीतिक तथा सांगठनिक प्रतिवेदनको बारेमा सदस्यहरूले आफ्नो धारणा राख्ने पार्टीका महासचिव लालबाबु राउतले बताए।

सदस्यहरूले अध्यक्षको प्रतिवेदनमा टिप्पणी गर्दै पार्टीको आगामी योजना र उद्देश्यहरूमा थप स्पष्टता ल्याउने आवश्यकता रहेको बताएका छन्। पार्टीको संगठनात्मक संरचनामा सुधारका लागि सशक्त कदम चाल्ने र जनताको बीचमा पार्टीको प्रभावकारिता बढाउने उपायहरूमा चर्चा भएको थियो। यस अवसरमा, पार्टीका केन्द्रीय सदस्यहरूले जसपा जागरण अभियानको प्रभाव र परिणामका बारेमा आ–आफ्ना विचार प्रस्तुत गरेका छन्।

बैठकको दौरान, जसपा पार्टीका विभिन्न संगठनका प्रमुखहरूले आफ्ना विभागीय गतिविधिहरू र आगामी कार्यक्रमहरूका बारेमा विस्तृत जानकारी प्रस्तुत गरेका छन्। उनीहरूले जनतासँगको संवाद र पार्टीको नीतिहरूको प्रचारप्रसारमा सक्रिय भूमिका खेल्नुपर्ने महत्त्वपूर्ण बिन्दुहरू उठाएका छन्। यसले पार्टीको संरचनालाई थप प्रभावकारी र जनमुखी बनाउन सहयोग पुर्याउने आशा गरिएको छ।

सदस्यहरूले एकजुट भएर पार्टीलाई मजबुत बनाउनका लागि आ–आफ्नो सुझाव राखे। प्रमुख सदस्यहरू र नेताहरूले पार्टीलाई आन्तरिक रुपमा पनि थप सुदृढ बनाउँदै बाह्य रूपमा समेत जनतासम्म पुर्याउने कार्यलाई प्राथमिकता दिनुपर्ने कुरा उठाएका छन्। यसबीचमा, पार्टीका केही सदस्यहरूले मुलुकका समसामयिक राजनीतिक घटनाक्रम र चुनौतिहरूको बारेमा समेत चर्चा गरेका छन् र जसपा नेपालले आगामी चुनाव र राजनीति क्षेत्रमा कस्तो भूमिका निर्वाह गर्न सक्छ भन्ने विषयमा विचारविमर्श गरेका छन्।

बैठकमा आगामी कार्यक्रमहरूको रूपरेखा पनि तयार पारिएको छ। यसमा आगामी महाधिवेशन, पार्टीको आन्तरिक संरचनामा सुधार, र पार्टीका नीति र रणनीतिहरूमा आवश्यक परिवर्तनको बारेमा पनि योजना बनाइएको छ। बैठक भोलिसम्म चल्नेछ, जसमा थप छलफल र निर्णयहरू हुने अपेक्षा गरिएको छ।

पार्टीका केन्द्रीय सदस्यहरूको भव्य उपस्थितिमा, यस बैठकले जसपा पार्टीलाई सशक्त र आगामी राजनीतिक परिप्रेक्ष्यमा प्रभावकारी बनाउने दिशामा महत्वपूर्ण कदम चाल्ने विश्वास गरिएको छ। सदस्यहरूको सक्रिय सहभागिता र तिनीहरूको सुझावहरूले पार्टीको कार्यप्रवाह र रणनीतिमा महत्वपूर्ण परिवर्तन ल्याउन सक्ने देखिन्छ। यस बैठकमा उठेका विषयहरू र विचार विमर्शले पार्टीको संगठनलाई अझ सुदृढ बनाउन र जनतासँगको नजिकको संवादलाई प्रभावकारी बनाउन मद्दत पुर्याउनेछन्।

पार्टीका नेता र सदस्यहरूले नेपालको राजनीतिक परिप्रेक्ष्यमा जसपा पार्टीको भूमिका थप महत्त्वपूर्ण बनाउने तरिका र रणनीतिहरूमा विचार गरेका छन्।

BRANDTALK

Find us on
instagram.com/aarthik.sanskar/

# ओस्कार अवार्डमा 'अनोरा'को वर्चश्व



■ आर्थिक संस्कार

संसारकै सबैभन्दा प्रतिष्ठित मानिएको 'ओस्कार अवार्ड'मा सेक्स वर्करको कहानीमा आधारित भएर बनेको फिल्म 'अनोरा'ले वर्चश्व कायम गरेको छ । सोमबार बिहान अमेरिकाको लस एन्जलसस्थित डल्बी थिएटरमा आयोजित समारोहमा यो फिल्मले पाँच विधामा अवार्ड जित्न सफल भयो । उत्कृष्ट फिल्म, निर्देशक, अभिनेत्री, सम्पादन र मौलिक पटकथा विधामा फिल्मले अवार्ड जितेको हो ।

ओस्कारमा 'अनोरा'पछि धेरै अवार्ड दुई फिल्म 'द ब्रुटलिस्ट' र 'एमिलिया पेरेज'ले जित्न सफल भए । दुवै फिल्मले तीन-तीन विधामा अवार्ड प्राप्त गरेका हुन् । 'ड्युन पार्ट २' र 'विक्ड'ले भने समान दुई-दुई विधामा अवार्ड जितेका छन् । त्यसैगरी, उत्कृष्ट अन्तर्राष्ट्रिय फिचर फिल्मको अवार्ड 'आइएम स्टिल हेयर'ले प्राप्त गर्‍यो ।

यो विधामा नेपालबाट फिल्म 'शाम्बाला' पनि सिफारिस भएको थियो। 'शाम्बाला' एक सशक्त चलचित्र हो जसले नेपाली समाजका गहिरा पक्षलाई उजागर गर्दै, सांस्कृतिक र सामाजिक मुद्दाहरूलाई समेटेको छ। यस फिल्मले नेपाली फिल्म उद्योगमा नयाँ दृष्टिकोण ल्याउने प्रयास गरेको छ र यसको चयनले नेपाली सिनेमाको अन्तर्राष्ट्रिय स्तरमा पहिचान बनाउने आशा पनि बढाएको छ।

फिल्मले दर्शकलाई स्थानीय संस्कृति, परम्परा र आधुनिकता बीचको अन्तरसम्बन्धको बारेमा सोच्न बाध्य बनाउँछ। यसको सशक्त कथा र कलाकारहरूको उत्कृष्ट अभिनयले यसलाई एक उत्कृष्ट नेपाली फिल्मको रूपमा प्रस्तुत गरेको छ। यसले नेपाली फिल्म उद्योगको भविष्यमा नयाँ सम्भावनाहरू खुला गर्ने विश्वास पनि जनाउँछ, जसले भविष्यमा अन्य नेपाली फिल्महरूलाई पनि अन्तर्राष्ट्रिय मञ्चमा स्थान दिलाउने मार्ग खोल्न सक्छ।

यसको चयनले नेपाली सिनेमाको प्रगतिको प्रतीकका रूपमा कार्य गर्दछ र यसले नेपाली चलचित्रको विश्वसनीयता र प्रभावलाई थप सुदृढ पार्ने सम्भावना देखाउँछ। 'शाम्बाला' जस्तो फिल्मले भविष्यमा अन्य चलचित्र निर्माता र कलाकारलाई प्रेरित गर्न सक्छ, जसले नेपाली सिनेमामा अझ नयाँ र अद्बितीय विचारहरूलाई प्रोत्साहित गर्ने छ। फिल्मले नेपाली चलचित्रको कथा र सांस्कृतिक पहिचानलाई उच्च मञ्चमा पुर्‍याएर, राष्ट्रिय गौरवमा योगदान पुर्याउन सक्नेछ।

# 'झ्याइँ'को सफलतापछि नेपाली र बलिउड प्रोजेक्टको तयारीमा मञ्जयाश्री

■ आर्थिक संस्कार




गायिका तथा मोडल मञ्जयाश्री भट्टको नयाँ गीत 'झ्याइँ'लाई अभूतपूर्व सफलता मिलेको छ । गत ९ अगस्टमा युट्युबमा सार्वजनिक भएको गीतलाई ८ करोड ४५ लाख बढी भ्यूज प्राप्त भएको छ । रिलिजपछि गीत संसारभर ट्रेन्डिङमा समेत परेको थियो । नेपाली र भारतीय संगीतको फ्युजन रहेको गीत अमेरिकाको न्यूयोर्कस्थित पर्यटकीय गन्तव्य टाइम्स स्क्वायरमा सार्वजनिक गरिएको थियो ।

नेपाली लोकगीत 'झ्याइँ पार्‍यो मलाई रत्यौलीको झिल्केले झ्याइँ पार्‍यो'को मुख्य अंशलाई समेटिएको गीतमा मञ्जयाश्री र हिन्दी गीत 'बद्री की दुल्हनिया'का गायक देव नेगीको आवाज छ । एटमून इन्टरटेनमेन्टले निर्माण गरेको गीतको भिडियोमा मञ्जयाश्री आफैं प्रस्तुत छिन् । उनको जोडी बनेर अलेक्जेन्डर एलेक्सिलिक देखिएका छन् । यसको कन्सेप्ट तथा कथा मञ्जयाश्रीको हो ।

\गीतको साउन्ड इन्जिनियरिङ, मिक्सिङ, र मास्टरिङ सञ्जय लीला भन्साली तथा धर्मा प्रोडक्सनका फिल्महरूमा काम गरिसकेका राहुल शर्माले गरेका हुन् । भिडियोमा कोरियोग्राफी 'पठान', 'वार' जस्ता फिल्महरूमा नृत्य निर्देशन गरिसकेका बोस्को सिजरको छ । मुम्बईको भव्य एम्पिरियल प्यालेसमा भिडियो छायांकन गरिएको थियो ।

झ्याइँ' म्यूजिक भिडियोको निर्देशन बलिउडका अनुभवी छायाँकार तथा निर्देशक विनोद प्रधानले गरेका हुन्, जसले 'देवदास', 'रङ्ग दे बसन्ती', 'खामोस', 'कलंक', 'बागी', 'भाग मिल्खा भाग', 'यमला पगला दिवाना' जस्ता दुई दर्जन बढी बलिउड फिल्मको छायांकन गरिसकेका छन् । प्रधानले 'कुसुमे रुमाल', 'सम्झना' लगायतका नेपाली फिल्महरू समेत खिचेका छन् ।

# म्यानचेस्टर युनाइटेडलाई हराउँदै फुलहम एफए कपको अन्तिम आठमा



■ आर्थिक संस्कार

म्यानचेस्टर युनाइटेडलाई पेनाल्टी सुटआउटमा ४-३ ले हराउँदै फुलहम एफए कपको अन्तिम आठमा पुगेको छ। त्यसअघि निर्धारित समयको खेल १-१ गोलको बराबरीमा सकियो। फुलहमका लागि बासीले पहिलो हाफको इन्जुरी समयमा गोल गर्दा युनाइटेडका लागि ब्रुनो फर्नान्डिजले ७१ मिनेटमा बराबरी गोल फर्काए।

पेनाल्टी सुटआउटमा फुलहमका गोलकिपर लेनोले दुई पेनाल्टी प्रहार विफल पारे, जसले फुलहमलाई जितको दृषटिकोन दिन महत्वपूर्ण भूमिका खेले। फुलहमको गोलकिपर लेनोको प्रदर्शन निकै प्रभावशाली थियो, जसले युनाइटेडको स्टार पेनाल्टी प्रहारकर्ताहरूलाई अचम्मित बनायो। यस जितसँगै फुलहमले एफए कपको अन्तिम आठमा आफ्नो स्थान सुनिश्चित गरेको छ र आगामी चरणका लागि उत्साहित छ। फुलहमले आफ्नो सामर्थ्य र कडा प्रतिस्पर्धात्मक भावना देखाएका छन्, जसले उनीहरूको आत्मविश्वासलाई अझ मजबुत बनाएको छ। यससँगै, उनीहरूको खेल प्रदर्शनले क्लबको इतिहासमा नयाँ अध्याय थपेको छ र उनीहरूलाई अर्को चुनौतीको सामना गर्न उत्साहित बनाएको छ।

म्यानचेस्टर युनाइटेडका लागि पेनाल्टी सुटआउटमा हार भने एक कडा धक्का साबित भएको छ, जसले उनीहरूको एफए कपको सन्देशलाई अधुरो बनाइदिएको छ। युनाइटेडका प्रशिक्षक एरिक टेन ह्याग र खेलाडीहरूलाई अब अर्को महत्त्वपूर्ण प्रतियोगितामा आफूलाई प्रमाणित गर्नको लागि कडा तयारी गर्नुपर्ने हुन्छ। यो हारले युनाइटेडको मानसिकता र संघर्ष क्षमतालाई पनि परीक्षण गरेको छ र भविष्यका खेलहरूमा अझ बढी ध्यान केन्द्रित गर्न आवश्यक बनाएको छ। म्यानचेस्टर युनाइटेडको लागि यो खेल एक कडा चेतावनी साबित भएको छ, जसले उनीहरूको खेल रणनीति र पेनाल्टी सुटआउटमा सुधारको आवश्यकता दर्शाएको छ। युनाइटेडका प्रशिक्षक र खेलाडीहरूलाई आफ्नो मानसिक दृढता र खेलमा चाँडो सुधार गर्नको लागि अझ कडा मेहनत गर्नुपर्ने हुन्छ, ताकि उनीहरूले आगामी महत्वपूर्ण प्रतियोगिताहरूमा सफलता प्राप्त गर्न सकून्। यो हार युनाइटेडका लागि एक महत्वपूर्ण पाठ हो, जसले उनीहरूको रणनीति र खेल योजनामा सुधारको आवश्यकता स्पष्ट पारेको छ। प्रशिक्षक र खेलाडीहरूले अब आफ्नो खेलको विश्लेषण गरी मानसिक तयारीमा सुधार गर्दै, आगामी खेलहरूमा अझै सशक्त प्रदर्शन गर्नुपर्नेछ।

यस खेलमा फुलहमले आफ्नो संघर्ष र दृढता देखाएको छ, जसले आगामी चरणहरूमा अझ बढी आशा र उत्साह जगाएको छ। फुलहमका प्रशिक्षक र खेलाडीहरूले युनाइटेडजस्ता सशक्त विपक्षीविरुद्ध उत्कृष्ट प्रदर्शन गरेर आफ्नो क्षमता प्रमाणित गरेका छन्। यो जीत फुलहमको लागि आत्मविश्वासको महत्वपूर्ण स्रोत बनेको छ र क्लबको भविष्यका लागि सकारात्मक संकेत हो। उनीहरूको कडा परिश्रम र सामूहिक प्रयासले क्लबलाई आगामी खेलहरूको लागि एक मजबूत मंचमा राखेको छ।

# प्रधानमन्त्रीसँग भेट्रान गोलकिपर बफोनको भेट



■ आर्थिक संस्कार

प्रधानमन्त्री केपी शर्मा ओली र इटलीका राष्ट्रिय फुटबल टोलीका पूर्वकप्तान तथा भेट्रान गोलकिपर जियानलुइजी बफोनबीच भेट भएको छ।

राष्ट्रिय युवा सङ्घ नेपालको आयोजनामा जारी तेस्रो केपी ओली कप फुटबल च्याम्पियनसिपको समापन कार्यक्रमका प्रमुख अतिथिका रुपमा नेपाल आएका अन्तरराष्ट्रिय गोलरक्षक बफोनलाई प्रधानमन्त्री ओलीले सोमबार बिहान प्रधानमन्त्री निवास बालुवाटरमा भेट गरेका हुन्।


भेटका अवसरमा प्रथम महिला राधिका शाक्य, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्याल, अखिल नेपाल फुटबल सङ्घका अध्यक्ष पङ्कज नेम्वाङ, राष्ट्रिय युवा सङ्घ नेपालका अध्यक्ष क्षितिज थेबे, बफोनका परिवारका सदस्यलगायत सहभागी थिए।

तेस्रो केपी ओली कप फुटबल च्याम्पियनसिपको समापन आज साँझ दशरथ रङ्गशालामा हुने छ र यसले नेपालमा फुटबलका समर्थक र उत्साहीहरूको ध्यान आकर्षित गर्नेछ। यो प्रतियोगिता नेपालको फुटबलको विकासको लागि एक महत्वपूर्ण मञ्च बनिरहेको छ, जसले युवा खेलाडीहरूको उत्साह र प्रतिभा प्रदर्शित गर्ने अवसर प्रदान गरेको छ।

अहिले सम्म यस च्याम्पियन्सिपमा विभिन्न टोलीहरूले आफ्नो उत्कृष्टता प्रदर्शन गरेका छन् र प्रतियोगिता पनि अत्यधिक प्रतिस्पर्धात्मक भएको छ। समापन खेलमा कस्तो रोमाञ्चक प्रदर्शन हुने अपेक्षा छ भन्ने कुरा फुटबल प्रेमीहरूको बीचमा चर्चा भइरहेको छ। यस अवसरमा नेपालका प्रमुख फुटबलका अधिकारीहरू, प्रशिक्षक र राष्ट्रिय टोलीका सदस्यहरू पनि उपस्थित हुनेछन्, जसले प्रतियोगितामा सहभागी भएको टोलीहरूको प्रोत्साहन र सम्मान गर्नेछन्।

त्यसैगरी, प्रतियोगिताको समापनले नेपालमा फुटबलको भविष्यका लागि नयाँ सम्भावनाहरू खोल्न सक्छ र आगामी वर्षहरूमा अझ ठूलो च्याम्पियन्सिपहरू आयोजना हुने सम्भावना प्रकट हुन्छ। यस आयोजनाले फुटबललाई थप महत्त्वपूर्ण र जनप्रिय बनाउने छ, र यसको प्रभावले नेपाली खेलकुद क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउने छ।

आजको समापन खेल फुटबलका सबै समर्थकहरूको लागि ठूलो उत्सवको रूपमा परिणत हुनेछ, र यस प्रतियोगिताले नेपाली फुटबलको भविष्यलाई अझ प्रोत्साहित गर्ने विश्वास छ।



# बार्सिलोना फेरि ला लिगाको शीर्ष स्थानमा

■ आर्थिक संस्कार

बार्सिलोना फेरि ला लिगाको शीर्ष स्थानमा पुगेको छ। आइतबार भएको खेलमा १० खेलाडीमा सीमित रियल सोसिडाडलाई ४-० गोलले पराजित गर्दै बार्सिलोना शीर्ष स्थानमा पुगेको हो।

बार्सिलोनाको जितमा मार्टिनले २५, मार्कले २९, अराउजोले ५९ र लेवान्डोवस्कीले ६० मिनेटमा गोल गरे। त्यसअघि सोसिडाडका एलुस्टोन्डोले सिधा रातो कार्ड पाउँदा टोली १० खेलाडीमा सीमित बन्यो।

अंक तालिकामा बार्सिलोनाको २६ खेलबाट ५७ अंक भएको छ।

दोस्रो स्थानको एट्लेटिको म्याड्रिडको ५६ अंक छ भने रियल म्याड्रिड ५४ अंकसहित तेस्रो स्थानमा छ।

BRANDTALK

# एन्फा महासचिवविरूद्ध गणेश थापाको उजुरी



■ आर्थिक संस्कार

अखिल नेपाल फुटबल संघ (एन्फा) का पूर्वअध्यक्ष गणेश थापाले एन्फा महासचिव किरण राईविरूद्ध नेपाल प्रहरीको साइबर ब्यूरोमा उजुरी दिएका छन्। थापाले शनिबार एक टेलिभिजन अन्तरवार्तामा यस विषयमा बोल्दै उक्त उजुरी दिएको जानकारी दिएका हुन्।

अन्तरवार्तामा किरण राईले थापामाथि आरोप लगाउँदै भनेका थिए कि थापाले एन्फाको १७ करोड रुपैयाँ हिनामिना गरेका छन्, र पछि सम्पत्ति सुद्धिकरणको छानबिन पछि ८ करोड रुपैयाँ एन्फाको खातामा जम्मा गरेका छन्। यसपछि थापाले खुलासा गरेका छन् कि, यस बारेमा थापाले आफूलाई दोषी पाउने खण्डमा कानूनी कारवाहीको सामना गर्न तयार रहेको बताएको छ। उनले यो विषयलाई थप गम्भीरतासाथ लिएर यसका सम्बन्धमा छानबिन गर्न र यदि आरोप झूठा साबित भए भने महासचिव किरण राईलाई कानूनी कारवाहीको दायरामा ल्याउने पनि माग गरेका छन्।

थापाले भनेका छन्, "यदि महासचिव किरण राईले मेरो बारेमा लगाएका आरोपहरू प्रमाणित नभए भने उनी कानूनी कारवाहीको दायरामा आउनुपर्नेछ। यस मुद्दामा थप छानबिन गरियोस् र यदि मैले कुनै पनि अपराध गरेको भए, म कानूनी कारवाही स्वीकार गर्न तयार छु।"

थापा अहिले फिफाको प्रतिबन्धमा रहेका छन्। २०७२ सालमा फुटबलको अन्तर्राष्ट्रिय महासंघ, फिफाले थापालाई १० वर्षसम्म फुटबलसँग सम्बन्धित कुनै पनि गतिविधिमा संलग्न हुन प्रतिबन्ध लगाएको थियो। फिफाले थापामाथि भ्रष्टाचार र घुस लिएको आरोप लगाएको थियो, जसको कारण उनले फुटबलसम्बन्धी कुनै गतिविधिमा संलग्न हुन नपाउने निर्णय सुनाएको हो।

यो विवाद नेपाल फुटबल संघका लागि एक गम्भीर चुनौतीको रूपमा रहेको छ। थापाको प्रतिबन्धले एन्फा र नेपाली फुटबलका भविष्यका योजनाहरूमा प्रष्ट असर पुर्याएको छ। यस घटनाले नेपाली फुटबल प्रशासकहरूलाई जिम्मेवारी र पारदर्शितामा सुधार गर्न बाध्य बनाउन सक्छ। यस घटनाले फुटबलको क्षेत्रमा रहेका अन्य विवाद र भ्रष्टाचारका मुद्दाहरूसँग पनि जोडिएका समस्याहरूलाई उजागर गरेको छ।

यस विवादको कारण नेपाली फुटबलको इमेजमा असर परेको छ र यसले खेलप्रेमीहरूको विश्वासलाई पनि प्रभावित गरेको छ। यसले फुटबल संघ र अन्य सम्बद्ध निकायहरूलाई उत्तरदायी र पारदर्शी बनाउन थप दबाव सिर्जना गरेको छ। फुटबलका प्रशासकहरूको कार्यप्रणालीमा सुधारको आवश्यकता सशक्त ढंगले प्रस्तुत भएको छ, र यसका परिणामस्वरूप भविष्यमा पारदर्शिता र सशक्तता सुनिश्चित गर्नका लागि कठोर कदमहरू आवश्यक देखिन्छ।

यो विवाद केवल थापाको व्यक्तिगत मुद्दासम्म सीमित छैन, बरु यसले सम्पूर्ण नेपाल फुटबल संघ र देशभरिका फुटबल प्रशासकहरूको कार्यशैली र पारदर्शिता चेक गर्न एक महत्त्वपूर्ण अवसर प्रदान गरेको छ। थापाको आरोप र प्रतिबन्धले न केवल खेल प्रशासकहरूका कार्यहरूसँग जोडिएका सवालहरू उठाएको छ, तर यसले फुटबलको विकास र भविष्यमा समेत असर पुर्याउन सक्छ।

नेपालमा फुटबलको लोकप्रियता र महत्त्वलाई ध्यानमा राख्दा, यो विवाद एक ठूलो अक्सिम्बल बन्दै गएको छ। नेपाली फुटबलका प्रशासकहरूको भविष्य र फुटबलका खेलाडीहरूको करियरसँग जोडिएको यो मुद्दा अझै संवेदनशील बनिरहेको छ। यस घटनाले निश्चित रूपमा फुटबल प्रशासकहरूको कामकाजी मापदण्ड र पेशेवर रेस्पोन्सिबिलिटीमा सुधारको आवश्यकता देखाएको छ। साथै, फुटबलको विकासको लागि सरकारी र निजी क्षेत्रबाट लगानी र सहयोगको आवश्यकता देखिएको छ। फुटबलको सम्बन्धित पक्षहरू बीचको समन्वय र पारदर्शिता अभावले यो खेलको प्रगतिको मार्गमा अवरोध पुर्याइरहेको छ।

# मुख्यमन्त्री गोल्डकप: भारतको सहारालाई हराउँदै नवलपरासी विजयी

■ आर्थिक संस्कार

नेपालगन्ज — बाँकेको कोहलपुरमा शनिबारदेखि जारी तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकपमा आइतबार राइजिङ स्टार फुटबल क्लब नवलपरासीले जित हासिल गरेको छ ।

आइतबार सम्पन्न दोस्रो क्वाटर फाइनल खेलमा भारतको सहारा फुटबल क्लबलाई पेनाल्टी सुटआउटमा ४–३ गोल अन्तरले हराउँदै नवलपरासी विजयी भएको हो ।

खेल अवधिभर दुवै टोलीले गोलका लागि थुप्रै प्रयास गरेका थिए । खेलको पहिलो हाफ बराबरीमा रोकिएको थियो । दोस्रो हाफमासमेत दुवै टोली गोल गर्न असफल गरे । प्रतिस्पर्धात्मक खेलमा निर्धारित ९० मिनेटमा दुवै पक्षले गोल गर्न नसकेपछि खेल पेनाल्टीमा गएको थियो ।



पेनाल्टीमा भने राइजिङ स्टार फुटबल क्लब नवलपरासी भाग्यमानी ठहरियो । गोलकिपर प्रतिक सुनारको उत्कृष्ट प्रदर्शनबाट नवलपरासीले सेमिफाइनलमा स्थान पक्का गरेको छ ।

राइजिङ स्टार फुटबल क्लब नवलपरासीका गोलकिपर सुनार म्यान अफ द म्याच घोषित भए । उनले नगद् पाँच हजार रुपैयाँ प्राप्त गरे ।प्रतियोगितामा घाना र भारतसहित आठ वटा टिमको सहभागिता रहेको छ । घानाको घाना फुटबल क्लब, भारतको सहारा फुटबल क्लबसहित प्लानिङ ब्वाइज युनाइटेड क्लब काठमाडौं, लुम्बिनी फुटबल एकेडेमी घोराही दाङ, काक्रेबिहार फुटबल क्लब सुर्खेत, राइजिङ स्टार फुटबल क्लब नवलपरासी, राइनो फुटबल क्बल गण्डकी प्रदेश र कोहलपुर रेसिङ साहारा फुटबल क्लब बाँकेको सहभागिता रहेको छ ।कोहलपुर रेसिङ सहारा फुटबल क्लब बाँकेको आयोजनामा सुरु भएको प्रतियोगितामा प्रथम हुने टिमले आठ लाख रुपैयाँ र द्वितीय हुने टिमले चार लाख रुपैयाँ पुरस्कार पाउनेछन् ।

तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकप फागुन २४ गतेसम्म सञ्चालन हुनेछ। कोहलपुर रेसिङ साहारा फुटबल क्लब बाँकेको आयोजनामा सुरु भएको उक्त प्रतियोगिता विभिन्न क्लबहरूको सहभागितामा भइरहेको छ। यस प्रतियोगितामा नेपालका विभिन्न क्षेत्रका क्लबहरूको सहभागिता रहेको छ, जसमध्ये घानाको घाना फुटबल क्लब, भारतको सहारा फुटबल क्लब, प्लानिङ ब्वाइज युनाइटेड क्लब काठमाडौं, लुम्बिनी फुटबल एकेडेमी घोराही दाङ, काक्रेबिहार फुटबल क्लब सुर्खेत, राइजिङ स्टार फुटबल क्लब नवलपरासी, राइनो फुटबल क्लब गण्डकी प्रदेश र कोहलपुर रेसिङ साहारा फुटबल क्लब बाँके रहेका छन्।

यस प्रतियोगितामा सहभागी क्लबहरूले उत्कृष्ट प्रदर्शन गर्न कडा प्रतिस्पर्धा गर्दै छन्। स्थानीय र अन्तर्राष्ट्रिय स्तरका क्लबहरूको सहभागिताले प्रतियोगितालाई थप रोचक बनाएको छ। यस गोल्डकपको समापन फागुन २४ गते हुनेछ, र यसमा उत्कृष्ट टिमलाई आकर्षक पुरस्कारको व्यवस्था गरिएको छ।यस प्रतियोगिताले क्षेत्रीय फुटबलको स्तरलाई अझ उच्च बनाउन र विभिन्न क्लबहरूको बीचमा आपसी समझ र मित्रता बढाउन मद्दत पुर्याउने अपेक्षा गरिएको छ। साथै, यो प्रतियोगिता फुटबलप्रतिको चासो र लोकप्रियता बढाउनका लागि महत्वपूर्ण प्लेटफर्मका रूपमा कार्य गर्ने विश्वास गरिएको छ।

Visit Our Website

अब मात्र २०० रुपैयाँमा विज्ञापन पोस्ट गर्नुहोस् – फागु पूर्णिमा उत्सव अफर!